# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०** **संख्याः ३२** **मितिः२०८३।०५।१६**

**भागः २**


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ।

## गुराँस गाउँपालिका

## होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणीकरण मितिः २०८३/०५/१५

**प्रस्तावना**

गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै स्थानीय स्तरमा पर्यटन प्रवर्द्धन गर्ने, स्थानीय समुदायको आयआर्जन तथा रोजगारिका अवसरहरू सिर्जना गर्ने र स्थानीय मौलिक संस्कृति, खानपान तथा आतिथ्यताको पहुँच अभिवृद्धि गर्नका लागि गुराँस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

### परिच्छेद – १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

२. यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

१. **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ।

२. **"गाउँ कार्यपालिका"** भन्नाले गुराँस गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

३. **"होमस्टे (घरवास)"** भन्नाले पर्यटकहरूलाई स्थानीय परिवेशमा बसोबास, खानपान र सांस्कृतिक अनुभव प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको सामुदायिक वा निजी घरवास सेवा सम्झनु पर्छ।

४. **"सामुदायिक होमस्टे"** भन्नाले कम्तीमा ५ वटा घरहरू मिलेर सामूहिक रूपमा सञ्चालन गरिएको घरवास सम्झनु पर्छ।

५. **"निजी होमस्टे"** भन्नाले व्यक्तिगत वा एकल परिवारद्वारा सञ्चालन गरिएको घरवास सम्झनु पर्छ।

६. **"समिति"** भन्नाले होमस्टे व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद – २: दर्ता, अनुमति तथा सञ्चालन प्रक्रिया

### ३. होमस्टे सञ्चालनको लागि दर्ता गर्नुपर्ने

गुराँस गाउँपालिका क्षेत्रभित्र कुनै पनि सामुदायिक वा निजी होमस्टे सञ्चालन गर्दा गाउँपालिकाको सम्बन्धित शाखामा अनिवार्य रूपमा दर्ता गरी अनुसूची २ बमोजिम अनुमति पत्र (इजाजत) लिनुपर्नेछ।

### ४. दर्ताका लागि आवश्यक न्यूनतम पूर्वाधार तथा मापदण्ड

होमस्टे सञ्चालन गर्न निम्न अनुसारका न्यूनतम सुविधा हुनुपर्नेछ:

१. **सफा र सुरक्षित कोठा:** कम्तीमा २ जना पर्यटक बस्न सक्ने भेन्टिलेसन/झ्याल भएको सफा कोठा।

२. **शौचालय तथा स्नानगृह:** सरसफाइयुक्त, पर्याप्त पानीको व्यवस्था भएको शौचालय र स्नानगृह।

३. **स्थानीय खानपान:** स्थानीय स्तरमा उत्पादित जैविक/मौलिक खाद्यान्न र पेय पदार्थलाई प्राथमिकता।

४. **सुरक्षा तथा सरसफाइ:** खानेपानीको शुद्धता, फोहोरमैला व्यवस्थापन र प्राथमिक उपचारको व्यवस्था।

५. **सांस्कृतिक वातावरण:** स्थानीय भेषभूषा, संस्कृति र आतिथ्यता झल्किने वातावरण।

### ५. दर्ताका लागि पेस गर्नुपर्ने कागजातहरू

१. अनुसूची–१ बमोजिमको निवेदन।

२. घरधनी वा समितिका पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि।

३. घर/जग्गाको स्वामित्व प्रमाणित हुने कागजात (पुर्जा वा सम्झौता पत्र)।

४. वडा कार्यालयको सिफारिस पत्र।

५. सामुदायिक होमस्टेको हकमा कार्यसमिति गठनको निर्णय र विधान।

## परिच्छेद – ३: होमस्टे सञ्चालन समितिको काम, कर्तव्य र अधिकार

### ६. सामुदायिक होमस्टे व्यवस्थापन समिति

सामुदायिक होमस्टे सञ्चालनका लागि स्थानीय सञ्चालकहरू मिलेर कम्तीमा ५ देखि ११ सदस्यीय **"होमस्टे व्यवस्थापन समिति"** गठन गरिनेछ।

### ७. समितिका काम, कर्तव्य र अधिकार

१. पर्यटकहरूको आलोपालो प्रणाली (Rotation System) अनुसार घर बाँडफाँड गर्ने।

२. पाहुनाहरूको दर्ता रजिस्ट्रार दुरुस्त राख्ने र सुरक्षाको प्रत्याभूति गर्ने।

३. तोकिएको शुल्क र सेवाको स्तर कायम राख्ने।

४. स्थानीय कला, संस्कृति र उत्पादनको प्रवर्द्धन गर्ने।

५. गाउँपालिकासँग समन्वय गरी वार्षिक प्रतिवेदन पेस गर्ने।

## परिच्छेद – ४: आचारसंहिता तथा सेवा शुल्क

### ८. सञ्चालक तथा स्थानीयको आचारसंहिता

१. पर्यटकहरूसँग शलीन, शिष्ट र आदरणीय व्यवहार गर्ने।

२. स्थानीय धर्म, संस्कृति र मूल्यमान्यता विपरीतका कार्य नगर्ने/नगराउने।

३. कुनै पनि प्रकारको बालश्रम र गैरकानुनी गतिविधि पूर्णतः निषेध गर्ने।

### ९. पर्यटकका लागि आचारसंहिता

१. स्थानीय संस्कृति, परम्परा र वातावरणको सम्मान गर्ने।

२. तोकिएको क्षेत्र र समय सीमाको पालना गर्ने।

३. प्लास्टिकजन्य वा अन्य फोहोर तोकिएको ठाउँमा मात्र विसर्जन गर्ने।

### १०. शुल्क निर्धारण

१. होमस्टेमा प्रदान गरिने बसाइ, खानपान र सांस्कृतिक कार्यक्रमको शुल्क समिति र गाउँपालिकाको परामर्शमा पारदर्शी रूपमा तोकिनेछ।

२. तोकिएको दररेट मेनु (Menu Bar) मा स्पष्ट देखिने गरी राख्नुपर्नेछ।

## परिच्छेद – ५: अनुगमन, नवीकरण तथा खारेजी

### ११. अनुगमन तथा निरीक्षण

गाउँपालिकाको पर्यटन हेर्ने शाखा वा तोकिएको अनुगमन समितिले समय-समयमा होमस्टेको गुणस्तर, सरसफाइ र सुरक्षाको अनुगमन गर्नेछ।

### १२. नवीकरण

दर्ता भएका होमस्टेहरूले प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नियमानुसारको शुल्क बुझाई दर्ता नवीकरण गराउनुपर्नेछ।

### १३. दर्ता खारेजी

निम्न अवस्थामा गाउँपालिकाले होमस्टेको दर्ता खारेज गर्न सक्नेछ:

१. तोकिएको मापदण्ड र आचारसंहिता बारम्बार उल्लङ्घन गरेमा।

२. गैरकानुनी वा असामाजिक गतिविधि सञ्चालन गरेको प्रमाणित भएमा।

३. लगातार २ वर्षसम्म नवीकरण नगराएमा।

**अनुसूची – १**

**होमस्टे दर्ताका लागि निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँपालिकाको कार्यालय,

रानीमत्ता, दैलेख।

**विषय: होमस्टे (घरवास) दर्ता प्रमाण-पत्र पाऊँ।**

म/हामी यस गुराँस गाउँपालिका वडा नं. ........ मा **"............................................................ होमस्टे"** सञ्चालन गर्न इच्छुक भएकाले आवश्यक विवरण तथा कागजात संलग्न गरी यो निवेदन पेस गरेका छौँ। गाउँपालिकाको नियमानुसार दर्ता गरी प्रमाण-पत्र उपलब्ध गराइदिनुहुन अनुरोध छ।

**संलग्न कागजातहरू:**

१. नागरिकताको प्रतिलिपि

२. वडा कार्यालयको सिफारिस

३. जग्गा/घरको लालपुर्जाको प्रतिलिपि

४. गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तथा दायित्व बुझाएकव रसीदको प्रतिलिपि

५. कार्यसमितिको निर्णय (सामुदायिक होमस्टेको हकमा)

**निवेदक:**

नाम: ....................................................

दस्तखत: ................................................

सम्पर्क नं.: .............................................

मिति: ...................................................

**अनुसूची- २**

**गुराँस गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रानीमत्ता, दैलेख**

**पत्र संख्या:** ................... **मिति:** २०..... / ..... / .....

**प्रमाण पत्र नं.:** ...................

**होमस्टे (घरबास) सञ्चालन स्वीकृति प्रमाणपत्र**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गुराँस गाउँपालिका होमस्टे (घरवास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा ३ बमोजिम देहायको सामुदायिक/निजी होमस्टेलाई नियमानुसार होमस्टे (घरवास) व्यवसाय सञ्चालन गर्न यो सञ्चालन स्वीकृति प्रमाणपत्र प्रदान गरिएको छ।

**१.** होमस्टे सम्बन्धी विवरण:

१. सामुदायिक/निजी होमस्टेको नाम: ........................................................................................

२. ठेगाना: गुराँस गाउँपालिका, वडा नं. ....., ................... (स्थान)

३. अध्यक्ष/सञ्चालकको नाम: ........................................................................................

४. सम्पर्क नं.: ........................................................................................

५. आबद्ध घरधुरी संख्या: ................... घर

६. जम्मा पर्यटक क्षमता (कोठा/शैया): ..... कोठा / ..... शैया

| प्रमाणपत्र जारी गर्नेको दस्तखतः |
| --- |
| नामथरः |
| मितिः |

२. सञ्चालन सम्बन्धी शर्तहरू:

१. प्रचलित कानून, स्थानीय तहको कार्यविधि तथा मापदण्ड बमोजिम तोकिएका न्यूनतम सुविधाहरू कायम गरी होमस्टे सञ्चालन गर्नुपर्नेछ।

२. आगन्तुक (पर्यटक) हरूको सुरक्षा, सरसफाइ, स्वास्थ्य तथा गुणस्तरीय सेवा-सुविधाको पूर्ण ग्यारेन्टी गर्नुपर्नेछ।

३. स्थानीय कला, संस्कृति, परम्परा र वातावरणको संरक्षण तथा सम्बर्धन हुने गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

४. प्रत्येक वर्ष तोकिएको समयसीमा भित्र नियमानुसार यो प्रमाणपत्र नवीकरण गराउनुपर्नेछ।

| सि नं | नवीकरण अवधि (देखि- सम्म) | | नवीकरण गर्नेको सही | रसीद नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत